"स्वच्छ, सफा, समृद्ध, सुन्दर - महालक्ष्मी नगर"
"Clean, Green, Prosperous, Full of Beauty- Mahalaxmi Municipality"

# महालक्ष्मी नगरपालिका
## Mahalaxmi Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
ललितपुर, बागमती प्रदेश, नेपाल
Lalitpur, Bagmati Province, Nepal

पत्र संख्या (Let. No):
चलानी नं. (Reg. No):

मिति: २०७९।०४।०१

## परिचयपत्र नवीकरण गराउनेसम्बन्धी अत्यन्त जरुरी सूचना

प्रस्तुत सम्बन्धमा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ४ बमोजिम यस नगरपालिकाबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले चालु आ.व.मा पनि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न यही कार्तिक मसान्तभित्र परिचयपत्र नवीकरण गराउनु पर्ने व्यवस्था छ तथापी सामाजिक सुरक्षा भत्ता त्रैमासिक रुपमा भुक्तानी गर्नुपर्ने भएकाले ०७९।८० पहिलो त्रैमासिकको सामाजिक सुरक्षा भत्ता २०७९ असोज महिनामै निकासा गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबै लाभग्राहीहरुले **२०७९ भाद्र मसान्तभित्र** देहायको कागजातसहित आ-आफ्नो वडा कार्यालयमा गई परिचयपत्र नवीकरण गराउनुहुन यो सूचना प्रकाशित गरिएको छ साथै तोकिएको समयमा परिचयपत्र नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्राप्त नहुने व्यहोरा समेत सम्बन्धित सबैमा अनुरोध छ ।

**संलग्न गर्नुपर्ने कागजातहरु**

- परिचयपत्र नवीकरणको निवेदन
- लाभग्राहीको नागरिकता वा राष्ट्रिय परिचयपत्र वा जन्म दर्ता प्रमाणपत्रको सक्कल प्रति
- अपाङ्गता भएका लाभग्राहीको हकमा अपाङ्गता परिचयपत्र

पुनश्च: बालबालिका वा आफै उपस्थित हुन नसक्ने लाभग्राहीहरुको हकमा निजको संरक्षक वा माथवर वा स्याहार सुसार गर्ने व्यक्ति मार्फत् परिचयपत्र नवीकरणका लागि निवेदन दिन सकिनेछ।

२०७९।०४।०१

रोशन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

रोशन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत